नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय पूर्वाधार विभाग
(प्रशासन शाखा)
श्रीमहल, पुल्चोक, ललितपुर

प.सं. २०७५ ०७६
च.नं. २९८

मिति : २०७५।६।२८

विषय : जिन्सी/स्रेस्ताहरु हस्तान्तरण सम्बन्धमा ।

श्री जिल्ला प्राविधिक कार्यालयहरु,
सवै ।

प्रस्तुत विषयमा नेपाल सरकार सघीय मामीला तथा समान्य प्रशासन मन्त्रालय (सचिवस्तर २०७५।०६।२४)को निर्णयानुसार साविकका जिल्ला प्राविधिक कार्यालयहरुको भौतिक सम्पत्ति ,स्रेस्ता एवम् अन्य कागजातहरुको तपशिल बमोजिम व्यवस्थापन गर्न गराउन हुन अनुरोध गरिन्छ ।

तपशिल

१) साविक जिल्ला प्राविधिक कार्यालयको नाममा रहेको भवन तथा जग्गाको स्वामित्व हस्तान्तरण सम्बन्धमा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धित व्यवस्था ,२०७४ को दफा १८ को उपदफा (७) बमोजिम जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा गठित समितिले निर्णय गरे बमोजीम हुने गरी जिल्ला समन्वय समितिलाई हस्तान्तरण गर्ने ।

२) चारपाङ्ग्रे र दुई पाङ्ग्रे सम्पुर्ण सवारी साधनहरुमध्ये प्रदेश अन्तर्गत स्थापना हुने एकिकृत पूर्वाधार विकास कार्यालय रहने जिल्लाको हकमा सम्वन्धित कार्यालयले पाउने गरी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गर्ने र बाँकी जिल्लाको हकमा सम्वन्धित जिल्लाको स्थानीय तह (गाउँपालिका /नगरपालिका) ले पाउने गरी उपलब्ध गराउन मन्त्रालयलाई हस्तान्तरण गर्ने ।

३) फर्निचर ,मेशिनरी, यन्त्रउपकरणहरु जिल्ला समन्वय समितिलाई हस्तान्तरण गर्ने ।

४) स्थापित प्रयोगशाला (Lab) र सो सम्वन्धी उपकरणहरु प्रदेश अन्तर्गत स्थापना हुने एकीकृत पूर्वाधार विकास कार्यालय रहने जिल्लाको हकमा सम्वन्धित कार्यालयमा प्राप्त हुने गरी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गर्ने र बाँकी जिल्लाको हकमा जिल्ला सदरमुकाम रहेको स्थानीय तहलाई (गा.पा/न.पा) लाई हस्तान्तरण गर्ने ।

५) आयोजनाको हकमा स्थानीय तहबाट संचालन हुने आयोजना स्थानीय तह र प्रदेश तहबाट संचालन हुने आयोजना प्रदेश तहमा हस्तान्तरण गर्ने ।

६) जुन तहमा आयोजना हस्तान्तरण भएको छ सोही तहलाई तत्सम्बन्धी कागजात ,अभिलेख,वेरुजी,धरौटी र अन्य श्रेस्ताहरु समेत बुझाउने ।

७) आ.व.२०७४/७५ सम्मका सम्पन्न आयोजनाका लेखा परीक्षण हुन बाँकी स्रेस्ता, कागजात यथाशिघ्र लेखा परीक्षण गरिदिन महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरी लेखा परिक्षण गराउने र लेखापरीक्षण सम्पन्न भए पश्चात, वेरुजुको विवरण सहित सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालयमा बुझाउने ।

८) सि.नं. ७ बमोजिम तत्काल लेखापरीक्षण हुन नसकेमा लेखापरीक्षण हुने समयमा साविक कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित हुने गरी हाललाई जिल्ला समन्वय समितिको कार्यालयमा कागजात बुझाउने ।

(हिरालाल रेग्मी)
उप-सचिव